# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref.No. २०८०/०८१

मिति : २०८०/०८/११

## पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौट समितिको Second-Awarded List प्रकाशित र School Type-Others का उम्मेदवारहरुले अनुसूचि-४ को अनलाईन फाराम भर्ने सम्बन्धि सूचना !

(१) पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौट समिति, २०८० बाट मिति २०८०/०६/२२ गते लिएको **विज्ञान तथा प्रविधि संकाय समूह** (क) छात्रवृत्ति छनौट प्रवेश परीक्षाको योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका School Type–**Public** का उम्मेदवारहरुले मिति २०८०/०६/०९ गतेदेखि मिति २०८०/०६/१६ गतेसम्म अनुसूचि-४ को अनलाईन फाराम भरी आफूले अध्ययन गर्न चाहेको एउटा संकायबाट बढीमा ३ वटासम्म शैक्षिक कार्यक्रम र एउटा शैक्षिक कार्यक्रमकोलागि बढीमा ३ वटासम्म शैक्षिक संस्थाको नाम भरेको विवरणको आधारमा समितिले मिति २०८०/०७/२० गतेदेखि मिति २०८०/०७/२४ गतेसम्म पत्र लिइ भर्ना हुन गरेको सूचना बमोजिम भर्ना भएका विद्यार्थीहरुको सम्बन्धित शैक्षिक संस्थाहरुले उपलब्ध गराएको भर्ना विवरणको आधारमा बाँकी रहन गएको कोटामा पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ अनुसार संलग्न बमोजिमको **Second-Scholarship Awarded List** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

(२) मिति २०८०/०७/१७ गते प्रकाशित विज्ञान तथा प्रविधि संकाय समूह (क) को **Revised-Scholarship Awarded List** मा जुन कार्यक्रम, कोटा र जेण्डर अन्तर्गत समावेश भएर पनि तोकिएको मिति भित्र पत्र नबुझेको वा पत्र बुझेर पनि सम्बन्धित शैक्षिक संस्थामा गइ भर्ना नभएका उम्मेदवारहरुलाई छात्रवृत्ति प्रकृयाबाट हटाइ खाली हुन गएको कोटामा छात्रवृत्ति प्राप्त नगरेका सोही कार्यक्रम, कोटा र जेण्डर अन्तर्गतका उम्मेदवारहरुलाई समावेश गरी **Second-Scholarship Awarded List** प्रकाशित गरिएको हुँदा **Second-Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुले मिति २०८०/०८/१३ गतेदेखि पत्र बुझि मिति २०८०/०८/१७ गते सम्ममा सम्बन्धित शैक्षिक संस्थामा गई भर्ना हुन समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**(३)** पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौट समितिबाट मिति २०८०/०६/०९ गते प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरु मध्ये **सरकारी वा सामुदायिक वा संस्थागत** स्कूलमा अध्ययन गरी एसएलसी वा एसईई पास गरेको School Type–**Others** का उम्मेदवारहरुले **विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क), (ख) र (ग) अन्तर्गत**का संलग्न बमोजिमको बाँकी रहेको कार्यक्रम र शैक्षिक संस्थामा अध्ययनगर्न लाई मिति २०८०/०८/१२ गतेदेखि मिति २०८०/०८/१७ गते बेलुका ५:०० बजेसम्म **विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क), (ख) र (ग) अन्तर्गत**का संलग्न बमोजिमका बाँकी रहेको कार्यक्रम र शैक्षिक संस्थामा अध्ययन गर्न पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को **अनुसूचि-(४) सँग** सम्बन्धित अनलाईन फाराम भर्न सम्बन्धित सबैको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

(४) प्रकाशित **Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुले छात्रवृत्ति प्राप्त गरेको पत्र तोकिएको मितिमा बुझ्न आउँदा आफ्नो परिचय खुल्ने नागरिकता वा प्रवेशपत्र अनिवार्य लिई आउनुपर्ने छ ।

प्रकाशित गरिएको सूचना र सम्बन्धि सम्पूर्ण विवरण विश्वविद्यालयको वेभसाइट **www.pu.edu.np** र छात्रवृत्ति शाखाको **https://scholarship.pu.edu.np** मा समावेश भएको हुदा सम्बन्धित उम्मेदवारहरुलाई दिएको Link मा गई विवरण हेर्न जानकारी गराईन्छ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातकतह छात्रवृत्ति छनौट समिति, २०८०